नेपाल सरकार

गृह मन्त्रालय

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

SitRep #७९

२३ भदौ २०७७

| २०७७ बैशाख १ देखि भदौ २२ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २४९ | ४९ | १९१ | ३३ | ४२ | ११ | ५७ | ० | १९२ | **३३९** | **९१** | **३९४** |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि भदौ २२ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २४७ | ४९ | १९० | ३० | ४१ | ९ | २७ | ० | ७३ | **३०४** | **९०** | **२७२** |
| **२०७७भदौ २२ देखि २३ गते विहान १० बजेसम्म मृत्यु भएकाहरुको विस्तृत विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | बाघ आक्रमण | | | कुल जम्मा | | |
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | २ | **३** | ० | ० | **०** | ० | १ | **१** | १ | ३ | **४** |

# दैनिक विपद् बुलेटिन

२२ भदौ विहान१०:००बजेदेखि २३ भदौ बिहान१०:००बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरी **४** स्थानमा **पहिरो, ३** स्थानमा **जनावार आक्रमण, २** स्थानमा **आगलागी, १** स्थानमा **बाढी**का घटना घटेका छन् । यी घटनामा परेर **४** जनाको **मृत्यु, ४** जना **घाईते** भएका छन् । आगलागीका कारण **१ करोड ५० लाख ४५ हजार रुपैंया** बराबरको धनमाल क्षति भएको छ । पहिरोका कारण **१ स्थानमा बाटो अबरुद्ध भएको छ ।**

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ४ | ० | १० | ४ | १,५०,४५,००० | १ | ० |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का **१०** वटा घट्ना भएका छन् ।
- **ताप्लेजुङको** सिरिजंघा गाउँपालिका वडा नं ४ स्थित नागदेवा लघु जलविधुत आयोजनाको पावर हाउस **पहिरो**ले बगाई लगेको र सोही पावर हाउसमा काम गर्ने कर्मचारी **२ जनाको** कावेली खोलाको किनारामा पुरिएर **मृत अबस्थामा लाश फेला ।**
- **चितवन**को भरतपुर महानगरपालिका वडा नं १३ बाटुली पोखरी स्थित चितवन राष्ट्रिय निकुन्जमा घाँस काट्ने क्रममा एक्कासी **बाघले आक्रमण** गर्दा **६० वर्षिय १ पुरुषको मृत्यु ।** माडी नगरपालिका वडा नं ९ बाँदरझुला स्थित घर नजिकै रहेको चितवन राष्ट्रिय निकुन्ज भित्र घाँस काट्न जाने क्रममा **जंगली भालुले आक्रमण** गर्दा **१ जना घाईते ।**
- **कास्की**को रुपा गाउँपालिका वडा नं ६ ब्राह्मचोकस्थित एक घर माथिबाट **पहिरो** खस्न जाँदा घर भत्किन गई बर्ष २० कि **१ महिलाको पुरिएर मृत्यु ।**

## घट्ना सारांश...

- **जुम्ला**को सिँजा गाउँपालिका वडा नं ५ स्थित जंलगमा दाउरा काट्न गएको अवस्थामा **जंगली भालुले आक्रमण** गर्दा **१ जना घाईते** ।
- **धनुषा**को जनकनन्दनी गाउँपालिका वडा नं ६ कठालस्थित एक घरमा खाना पकाउने क्रममा ग्याँसक लिक भई **आगो सकिल्दा** एक महिलाको शरीरको बिभिन्न भागमा जलि **घाईते,** साथै आगो निभाउने क्रममा हातमा सामान्य जली अर्को एक पुरुष **समान्य घाईते** ।
- **सुनसरी**को धरान उपमहानगरपालिका वडा नं ५ स्थित मसाने खोलामा आएको **बाढी** झोडापाटा बस्तीमा पसी **२ वटा** घरको बेरा भत्कदा **४५ हजार रुपैंया** बराबरको क्षति ।
- **काठमाडौं**को काठमाडौं महानगरपालिका वडा नं ३ त्रि.वि.शिक्षण अस्पताल महाराजगंजको गाईनो वार्ड नजिक राखिएको फोहोर डिस्पोज गर्ने क्रममा मेसिन र मेसिन राख्न बनाएको टीनको टहरामा अचानक डिजेलबाट आगो सल्कन गई **आगलागी** हुँदा मेसिन र टहरा समेत पूर्णरुपमा जली **१ करोड ५० लाख रुपैंया** बराबरको क्षति ।
- **बाग्लुङ**को ढोरपाटन नगरपालिका वडा नं ६ उपल्लो दगाडिमा बुर्तिबाङ देखी बोबाङ ढोरपाटन जाने कच्चीसडक मर्मत तथा बाढीले कटान गरेको सडकमा ट्र्याक खोल्ने क्रममा अचानक माथिबाट **पहिरो** आई एउटा स्काईभेटर पुरेको ।

## बाटो अबरोध

- **सिन्धुपाल्चोक**को भोटेकोशी गाउँपालिका वडा नं ४ डाक्लाङ र सखुवा स्थित **अरनिको राजमार्ग**मा माथिबाट **पहिरो** खस्न गई **बाटो पूर्णरुपमा अवरुद्ध** ।


## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट आगलागी र जंगली भालुको आक्रमणमा परी घाईते भएकाको उद्धार गरी नजिकैको स्वास्थ्य उपचार केन्द्रमा पुर्याइएको, स्थानीयको सहयोगमा आगलागी नियन्त्रणमा लिइएको, पहिरोका कारण अबरुद्ध भएको बाटो खुलाउने प्रयास जारी ।

## वर्षाको सारांश

भदौ २२ गते बिहान ०८:४५ बजे देखि भदौ २३ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०५/२३ गते बिहान ०८:४५ बजे २०२ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ६७ र स्वचालितः १३५) मा मापन गरिएको वर्षाको विवरण अनुसार १२६ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १) । उक्त केन्द्रहरु मध्ये सबैभन्दा बढी वर्षा (१७३.१मि. मी.) सुनसरी जिल्लाको चतरा केन्द्रमा मापन गरिएको छ । वर्षा मापन भएका केन्द्रहरु मध्ये १ वटा केन्द्रमा १५० मि. मी. भन्दा बढी, ७ वटा केन्द्रमा १०० मि. मी. भन्दा बढी, १७ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढी, ३४ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढी र ६५ वटा केन्द्रमा १० मि. मी. भन्दा बढी वर्षा मापन भएको छ ।




चित्र १: दैनिक वर्षा(छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि www.dhm.gov.np/climate/मा हेर्नुहोस।**

**बाढी पूर्वानुमान,**

**भदौ-२३ (मंगलबार) (विहान ७ बजे देखि २४ घण्टा)**

- **आज कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने, कोशी, नारायणी र यसका सहायक नदीमा बहाब बढ्दो हुने तथा सवैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ। कोशी र नारायणी जलाधारका केही स-साना सहायक नदीमा बहाब बढ्ने र केही स-साना नदीमा आकस्मिक बहाब भई सतर्कता तह आसपास पुग्न सक्ने पूर्वानुमान छ ।**
- **आज पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब सामान्य घटबढ हुने तथा सबैमा बहाब सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।आज कन्काई, कमला, बागमतीका स-साना नदी जलाधारमा बहाब बढ्ने र केहीमा सतर्कता आसपास पुग्न सक्ने पूर्वानुमान छ ।**
- **आज ईलाम, झापा, पाँचथर, ताप्लेजुङ, धनकुटा, संखुवासभा, भोजपुर, खोटाङ, उदयपुर, ओखलढुङ्गा, सप्तरी, सिराहा, धनुषा, बारा, पर्सा, रौतहट, सर्लाही, सिन्धुली, दोलखा, रामेछाप, रसुवा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, काठमाडौं उपत्यका, नुवाकोट, धादिङ, मकवानपुर, चितवन, गोरखा, लमजुङ, कास्की, तनहुँ, पर्बत, बागलुङ, स्याङ्गजा, नवलपरासी, रुपन्देही, कपिलबस्तु, अर्घाखाँची, दाङ, बाँके, सुर्खेत, सल्यान र आसपास जिल्ला भई बहने केही स-साना नदी जलाधारमा क्षणिक मध्यम बर्षा भई स-साना नदीमा बहाब केही बढ्ने र केहीमा आकस्मिक बहाब( Flash Flood) भई सतर्कता आसपास पुग्न सक्ने पूर्वानुमान छ ।**

**नोट:पहेलो रङलेमध्यम जोखिम रहेको संकेत गर्छ ।रातो रङले उच्च जोखिमको संकेत गर्छ ।**

**थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः http://hydrology.gov.np/**